स्थानः बैठक कक्ष

समयः दिनको ३.०० बजे

आज मिति २०८२/०४/०७ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक सङ्ख्या १ (प्रथम)

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | सीता |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | शारदा |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

बैठकका प्रस्तावहरु

१. कार्यविधि/ निर्देशिका सम्बन्धमा,

(क) स्थानीय पूर्वाधार आयोजना सञ्चालन निर्देशिका, २०७२ स्वीकृति सम्बन्धमा,

(ख) मर्मत सम्भारकोष तथा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२ स्वीकृति सम्बन्धमा,

(ग) अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०८२,

(घ) गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि,२०८२ सम्बन्धमा,

(ङ) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को पहिलो संशोधन २०८२ सम्बन्धमा,

(च) सन्धिखर्क नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ को पहिलो संशोधन २०८२,

२. जनज्योति माध्यमिक विद्यालयका कक्षा ११ र १२ मा Computer science विषय थप अनुमति सम्बन्धमा,

३. बालमैत्री स्थानीय शासनपूर्ण नगरपालिका घोषणा,

४. विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालनका लागि माध्यमिक विद्यालय छनोट सम्बन्धमा,

५. भुक्तानी बाँकीको कच्चावारी सम्बन्धमा,

६. नगर दररेट स्वीकृति सम्बन्धमा,

७. पार्किङ्ग क्षेत्र तथा पार्किङ्गको लागि न्यूनतम अङ्क कायम सम्बन्धमा,

८. औषधी खरिदको लागि नपुग रकमको श्रोत सुनिश्चतता सम्बन्धमा,

९. पदपूर्ति सम्बन्धमा,

१०. फोहरमैला प्रशोधन केन्द्र (डम्पीङ्ग साइट) को फोहर व्यवस्थापन सम्बन्धमा,

११. भूमी समस्या समाधान आयोग नगर स्तरीय /वडा स्तरीय समन्वय समितिको गठन सम्बन्धमा,

१२. शिक्षक संघ/संगठनको ध्यानाकर्षण सम्बन्धमा,

निर्णयहरु:-

१.१. सन्धिखर्क नगरपालिकाको विधायन समितिबाट मस्यौदा भइ पेस भएका देहायमा उल्लिखित निर्देशिका र कार्यविधि स्वीकृत गरी लागु गर्ने।

(क) स्थानीय पूर्वाधार आयोजना सञ्चालन निर्देशिका, २०७२ स्वीकृति सम्बन्धमा,

(ख) मर्मत सम्भारकोष तथा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२ स्वीकृति सम्बन्धमा,

(ग) अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०८२,

(घ) गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि,२०८२ सम्बन्धमा,

(ङ) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को पहिलो संशोधन २०८२ सम्बन्धमा,

(च) सन्धिखर्क नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ को पहिलो संशोधन २०८२,

१.२. सन्धिखर्क नगरपालिका वडा नं २ स्थित श्री जनज्योति माध्यमिक विद्यालयको चलानी नम्बर १७४/२०८१/८२ मिति २०८१/१२/२२ को पत्र साथ उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/१२/१७ को बैठकको निर्णय अनुसार शैक्षिकसत्र २०८२/८३ देखि

कक्षा ११ को विज्ञान तथा व्यवस्थापन समुह तर्फ कम्प्यूटर विज्ञान विषय थप गर्न अनुमति माग भइ आएकोले उल्खिखित विद्यालयको माग बमोजिम २०८२/८३ को शैक्षिकसत्र देखि कक्षा ११ र १२ मा प्रचलित कानुन बमोजिम हुने गरी कम्प्यूटर विज्ञान विषय थप गर्न अनुमति दिने ।

१.३. सन्धिखर्क नगरपालिकालाई बालमैत्री स्थानीय शासनपूर्ण नगरपालिका घोषणा सम्बन्धमा छलफल भइ सो सम्बन्धमा सन्धिखर्क नगरपालिकालाई २०८३ साल चैत्रमसान्त भित्र बालमैत्री स्थानीय शासनपूर्ण नगरपालिका घोषणा सम्बन्धी प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी निर्धारित समयमा बालमैत्री स्थानीय शासनपूर्ण नगरपालिका घोषणा गर्ने ।

१.४.सङ्घीय स्वास्थ्य मन्त्रालयबाट स्वीकृत विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालनका लागि देहायका माध्यमिक विद्यालय छनोट गरी विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालन गर्ने।

देहायः

१. श्री जनज्योति माध्यमिक विद्यालय सन्धिखर्क,२
२. श्री भगवति माध्यमिक विद्यालय सन्धिखर्क, २
३. श्री युवावर्ष जनता रविचित्र माध्यमिक विद्यालय सन्धिखर्क,२
४. श्री ज्ञान प्रकाश माध्यमिक विद्यालय सन्धिखर्क, १२,

१.५. सन्धिखर्क नगरपालिकाको आ.व २०८०/८१ मा स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न भइ भुक्तानी हुन नसकेको नगर कार्यपालिकाको कार्यालयबाट तयार भएको आ.व. २०८१/८२ को भुक्तानी दिन बाँकीको कच्चेवारी (म.ले.प फा.नं. २२१) देहाय बमोजिम प्रमाणित गरी भुक्तानी हुन बाँकी रकम चालु आ.व २०८२/८३ मा समावेश गरिएको रकमबाट भूक्तानी गर्ने ।

082/08/06